पोखरा उपत्यका साइडसिन घुम्न जाऔं
घुमाउने ठाउँहरु
बेगनास-रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।
गाडी छुट्ने समय बिहान ९:३० बजे

सम्पर्कः मानसरोबर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659
9856034631, 9856082622

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २५ ❑ अङ्क ३४७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ पुस २४ गते बुधबार ❑ 8 Jan. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## पार्टीभित्र कुनै समूह छैनन्, सबै एमाले हुन्: अध्यक्ष ओली

रासस
काठमाडौं, २३ पुस

प्रधानमन्त्री एवं नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले पार्टीभित्र अब कुनै पनि समूह नरहेको र सबै साथी वर्तमान एमालेको भरभराउँदो पङ्क्ति भएको बताउनुभएको छ।

एमाले केन्द्रीय कमिटीको आठौँ बैठकमा राजनीतिक प्रतिवेदनमाथिको छलफलपछि समापन मन्तव्य व्यक्त गर्दै अध्यक्ष ओलीले पार्टीभित्र अब कोही पनि पूर्वमाले, पूर्वमाओवादी वा १० बुँदेजस्ता समूहहरू नरहेकाले त्यस्ता पूर्वसमूहहरू खोज्नतिर नलाग्न आग्रह गर्नुभयो। "एमालेमा अब कुनै पनि पूर्वसमूह छैनन्। हामी पूर्वसमूह खोज्नतिर होइन वर्तमानको एमाले खोजौं। भरभराउँदो आजको



एमाले खोजौँ।'', अध्यक्ष ओलीले भन्नुभयो, "हामी यथास्थितिवादी होइनौँ। क्रान्तिकारी हौँ। हाम्रो लक्ष्य समाजवाद हो, समृद्ध नेपाल, सुखी नेपाली हो। हामीमाथि भएका आन्तरिक र बाह्य घेराबन्दीविरुद्ध एक भएर लड्दै हामीले मुलुक र देशको हितमा प्रभावकारी काम गर्न सक्नुपर्छ।'' स्वस्थ एवं रचनात्मक आलोचना पार्टीभित्र ग्राह्य हुने तर लोकतन्त्रका नाममा पार्टीलाई ध्वस्त बनाउने ढङ्गको गुटबन्दी र अराजकता कदापि स्वीकार्य नहुने अध्यक्ष ओलीले बताउनुभयो। उहाँले मुलुकलाई स्थायित्व र समृद्धिको लक्ष्यसहित एमाले र कांग्रेसको सहकार्यमा बनेको वर्तमान सरकारले देश र जनताका पक्षमा हरसम्भव काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। आफूहरू चुनावदेखि चुनावसम्मको 'केवल' सत्ता-यात्रामा नरहेकाले समाजवादको लक्ष्य र गन्तव्यलाई ध्यानमा राखेर काम गरिरहेको प्रधानमन्त्री ओलीले स्पष्ट गर्नुभयो। अध्यक्ष ओलीले पार्टीका नेता-कार्यकर्ताहरूलाई सामाजिक सञ्जालको उपयोग बढाउन र भएका असल कामको प्रचार गर्न आव्हान गर्नुभयो। उहाँले असंलग्न परराष्ट्र नीति र सन्तुलित छिमेक नीतिमा सरकार सदैव अडिग रहेको स्मरण गराउँदै छिमेकी देशको विकासबाट हामीले पनि लाभ लिनुपर्ने बताउनुभयो। उहाँले देशको राजनीतिक नक्सामा समेटिएको नेपाली भूमि फिर्ता लिइने अठोट पनि व्यक्त गर्नुभयो।

यही पुस २१ गतेदेखि सुरु भएको केन्द्रीय कमिटीको बैठक राजनीतिक प्रतिवेदन र सङ्गठन सुधारका योजना पारित गरेर टुङ्गिएको छ।

## साक्षर हुन नसक्ने व्यक्तिलाई सरकारी, गैरसरकारी वा निजी क्षेत्रमा बन्देज गर्ने सरकारीको तयारी

पोखरापत्र संवाददाता
पोखरा, २३ पुस

नेपालमा आउँदो २०८५ भित्र साक्षर हुन नसक्ने व्यक्तिलाई कुनै पनि सरकारी, गैरसरकारी वा निजी क्षेत्रमा बन्देज गर्ने सरकारीले तयारी गरेको छ।

शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानो ठिमी भक्तपुरले हालै पोखरामा आयोजना गरेको पत्रकार भेटघाटमा केन्द्रका निर्देशक हरिप्रसाद अर्याललले नेपालले अनिवार्य तथा निःशुल्क शिक्षा कार्यक्रमलाई अघि बढाएको सन्दर्भमा आउदो २०८५ भित्र सबै नागरिकलाई साक्षर बनाउने तर नभएको खण्डमा सरकारी, गैरसरकारी वा निजी क्षेत्रमा त्यस्ता व्यक्तिलाई बन्देज गर्ने सरकारीले कानुनि प्राबधान ल्याएको उहाँले बताउनु भयो। ०८५ साल पछि साक्षर हुन सकेका व्यक्तिलाई नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कुनै पनि सरकारी सेवामा वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व, अनुदान वा नियन्त्रणमा रहेको कुनै संस्थाको सेवामा प्रवेश गर्न वा कुनै पनि सरकारी, गैरसरकारी वा निजी क्षेत्रमा स्थापित कुनै पनि संस्थामा कुनै पनि पदमा वा मनोनयन हुन वा कुनै रोजगारी प्राप्त गर्न, निर्वाचित, नियुक्ति नहुने प्रावधान रहेको निर्देशक अर्याललले जनाउनु भयो। निःशुल्क शिक्षा-सम्बन्धी-ऐन-२०७५.मा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सम्पूर्ण नागरिकले आधारभूत शिक्षा अनिवार्य रूपमा प्राप्त गर्ने वातावरण सिर्जना गर्ने प्रयोजनका लागि सम्वत् २०८५ साल बैशाख १ गतेपछि आधारभूत शिक्षा प्राप्त नगरेको व्यक्ति धेरै कुराबाट बन्देज हुने भएको निर्देशक अर्याललले दाबी गर्नुभयो। अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ को मर्मलाई आत्मसात गरी नेपाली शिक्षालाई अगाडि बढाउनुपर्ने बताउदै उहाँले ऐनअनुसार विद्यालयले भर्ना भएको विद्यार्थीलाई कुनै पनि बहानामा निष्कासन गर्न नपाउने, वैकल्पिक शिक्षाको प्रबन्ध गर्नुपर्ने, अभिभावक पहिचान नभएका बालबालिकालाई पनि विद्यालयले अभिभावकत्व लिई शिक्षा प्रदान गर्नुपर्ने व्यवस्था रहेको बताउनु भयो। स्थानीय सरकार संचालन ऐनअन्तर्गत प्रदेशले प्रदेश विश्वविद्यालयसम्म खोल्न पाउने अधिकार रहेको चर्चा गर्दै निर्देशक अर्याललले सबैको ध्यान विद्यार्थी केन्द्रित गतिविधितर्फ हुनुपर्नेमा जोड दिनुभयो।

शिक्षा विकास निर्देशनालय गण्डकीका महानिर्देशक अम्बिकाप्रसाद आचार्यले शुक्रबार एकदिन भए पनि प्रयोगात्मक रुपमै गरुन् भन्ने अभिप्रायका साथ भविष्यका लागि शुक्रबार (फ्राइडे फर फ्यूचर) कार्यक्रम लागु गरेको जनाउनु भयो। प्रदेशले सिक्दै कमाउँदै कार्यक्रमलाई प्राथमिकतामा दिदै आएको बताउदै महानिर्देशक आचार्यले शिक्षक हाजिरीजवाफ, वक्तृत्वकला लगायतका प्रतियोगिताहरु पनि संचालन गर्दै आएको उल्लेख गर्दै अब अभिभावक सचेत गराउन योग, ध्यान तथा प्रणयमको माध्यम अपनाएको जनाउनु भयो।

शिक्षा विकास तथा समन्वय इकाइ कास्की प्रमुख लोकनाथ आचार्यले पछिल्लो समयमा हेर्दा सामुदायिक विद्यालयमा विद्यार्थी भर्नादर बृद्धि हुँदै आएको दाबी गर्नु भयो। भर्ना गर्दा कोटा प्रणाली तोड्नुपर्ने भन्दै सेवा क्षेत्रका विद्यार्थीलाई सरकारी विद्यालयले अनिवार्य भर्ना लिनुपर्ने राज्यको नीति भएको स्पष्ट पार्नु भयो। पोखरा महानगर शिक्षा महाशाखा प्रमुख हेमप्रसाद आचार्यले पछिल्लोपटक महानगरका ११ विद्यालय मर्ज गरिएको बताउदै अब ९ वटा आधारभूत विद्यालय मर्ज गर्न प्रस्ताव गरिएको जनाउनु भयो।

अभिभावक सहभागिता रहेका विद्यालयहरु क्रमशः सफल बन्दै गएको दाबी गर्दै उहाँले नेपाल सरकारले उपलब्ध गराउँदै आएको दिवा खाजा कार्यक्रममा पोखरा महानगरतर्फबाट १० रुपैयाँ थप गरेर महानगरअन्तर्गतका विद्यालयमा प्रतिदिन प्रतिविद्यार्थी २५ रुपैयाँ दरको खाजा व्यवस्था गरिएको महाशाखा प्रमुख आचार्यले बताउनु भयो। उक्त कार्यक्रमले शिक्षा प्रणालीमा थोरै भए पनि सचेतना जगाउन सहयोग पुग्ने शिक्षा तथा मानव स्रोत विकास केन्द्रका शाखा अधिकृत धर्मप्रसाद तिवारीले विश्वास व्यक्त गर्नुभयो।

## पञ्चासे प्राज्ञ मञ्चको दोस्रो साधारण सभा, बृतचित्र लोकार्पण

पोखरापत्र संवाददाता
पोखरा, २३ पुस

पञ्चासे प्राज्ञ मञ्चको दोस्रो साधरण सभा तथा बृतचित्र लोकार्पण कार्यक्रम भएको छ। साधरण सभाको उद्घाटन गर्दै प्रदेश सभासद प्रकाश बराल पञ्चासे प्राज्ञ मञ्चले पोखरा २३ को विकास र इतिहास संरक्षणमा भुमिका खेल्नु पर्ने बताए।

उनले पोखरा महानगरपालिका २३ मा पर्ने पञ्चासे क्षेत्रलाई विश्वले नै चिन्ने भन्दै यस प्रचार प्रसारमा अझ लाग्न सके आर्थिक, धार्मिक र पर्यटन क्षेत्रको विकास हुने बताए। उनले बृत चित्रले




यस क्षेत्रका धार्मिक र प्राकृतिक क्षेत्रलाई समेटका कारण यस क्षेत्रको प्रचार प्रसारमा सहयोगी हुने उल्लेख गरे। कार्यक्रममा पोखरा महानगरपालिका २३ का वडा अध्यक्ष रामकाजी गुरुङले बृत चित्रले वडा नम्बर २३ र २४ को केही भागको प्रचार प्रसारमा योगदान दिने बताए। कार्यक्रममा बिभिन्न बिधामा त्यस क्षेत्रमा योगदान दिएको भन्दै सम्मान गरेको थियो। सम्मानित हुनेमा टेकनाथ पराजुली, इश्वरी प्रसाद लामिछाने, अमित पराजुली, भक्तबहादुर गुरुङ, ममता दाहाल, सन्देश थापा र स्वामी निसेशान्दलाई दोसल्ला, प्रमाण पत्रले सम्मान गरीएको थियो। कार्यक्रममा हरीलाल पौडेलले कबिता बाचन, जेष्ठ नागरीक मिलन केन्द्रले भजन प्रस्तुत गरेका थिए। मञ्चका अध्यक्ष प्राज्ञ गगाधर तिमिल्सिनाले संस्थाले पोखरा २३ क्षेत्रको इतिहास, धार्मिक क्षेत्रका संरक्षण प्रर्वधनका काम लागेको भन्दै सबैका सहयोग आवश्यक पर्ने बताए। कार्यक्रमको सहजी करण प्राज्ञगगाधर चपाइ र सचिब प्राज्ञ बिश्वनाथ पौडेलले गरेका थिए। विश्वस्वर पराजुली, आत्माराम गौतम र नारायण गौतमले संस्थाले गरेका कामका बारेमा चर्चा गरेका थिए।

## पाटा नेपाल च्याप्टर र पोखरा पर्यटन परिषद्बीच सम्झौतापत्रमा हस्ताक्षर

पोखरापत्र संवाददाता
पोखरा, २३ पुस

प्यासिफिक एशिया ट्राभल्स एशोसिएसन(पाटा) नेपाल च्याप्टरको आयोजनामा पर्यटन राजधानी पोखरामा आगामी फेब्रुअरी २४ देखि २६ सम्म हुन लागेको नेपाल इन्डिया चाइना एक्स्पो (नाइस) कार्यक्रमलाई लक्षित गरी पाटा नेपाल च्याप्टर र पोखरा पर्यटन परिषद्बीच आज सम्झौतापत्रमा हस्ताक्षर गरिएको छ।

पाटा नेपाल नेपालले परिषद् सहित नेपाल पर्यटन बोर्ड, अन्य प्रमुख सार्वजनिक तथा निजी क्षेत्रका साझेदार तथा स्थानीय, प्रदेश, राष्ट्रिय र क्षेत्रीय स्तरका सरोकारवालाहरू सँगको सहकार्यमा गर्न लागेको एक्स्पोका सन्दर्भमा पाटा नेपालका तर्फबाट महासचिव नरेन्द्रदेव भट्ट र पोखरा पर्यटन परिषद्का तर्फबाट परिषद्का अध्यक्ष तारानाथ पहारीले सम्झौतापत्रमा हस्ताक्षर गर्नुभएको हो। सरोकारवाला व्यक्ति एवम् निकायको आपसी अनुभवहरूको आदानप्रदानका साथै नेटवर्किङ र व्यापार अवसरहरूको सुविधाको लागि




एक्स्पो महत्वपूर्ण प्लेटफर्म हुने सम्झौतापत्रमा उल्लेख छ।

तीन छिमेकी राष्ट्रहरू नेपाल, भारत र चीनका सार्वजनिक तथा निजी क्षेत्रका पर्यटन व्यवसायी एवम् सरोकारवाला संस्थाहरूलाई एकै ठाउँमा सहभागी गराउँदै व्यवसायिक साझेदारी लगायतमा छलफल गर्ने उद्देश्यका साथ एक्स्पो गर्न लागिएको सम्झौतापत्रमा भनिएको छ। दुई उदीयमान अर्थतन्त्र र पर्यटनका केन्द्र जस्तै रहेका भारत र चीनलाई एकै ठाउँमा ल्याएर नेपालसँगको पर्यटन सम्भाव्यता र व्यवसायिक अवसरहरूलाई प्रवर्द्धन गर्नु एक्स्पोको मुख्य उद्देश्य हुने भनिएको छ। कार्यक्रमले मुख्यतया पर्यटन र आतिथ्यताको क्षेत्रमा तीन देशबीचको व्यापारिक सम्बन्धलाई थप सुदृढ बनाउन मद्दत गर्ने उल्लेख गरिएको छ। नेपाल रणनीतिक रूपमा विश्वका दुई ठूला अर्थतन्त्रहरूको बीचमा अवस्थित रहेको र यसले यी राष्ट्रहरूको पर्यटन सम्भावनालाई उजागर गर्न पूलको रुपमा काम गर्ने विश्वास लिइएको छ। यी देशहरू बीच द्विपक्षीय व्यापार पहलहरू राम्रोसँग स्थापित भए तापनि यो त्रि-राष्ट्रिय कार्यक्रमले नयाँ र आशाजनक अवसर प्रस्तुत गर्ने भनिएको छ।

सम्झौतापत्र अनुसार पाटा नेपाल च्याप्टरले संगठन साझेदार को रूपमा स्वीकृति समाचारपत्रहरू, प्रत्यक्ष इमेलहरू, मार्केटिङ सन्देशहरू र आधिकारिक नाइस वेबसाइटमा प्रमुख रूपमा चित्रित गर्नेछ। राष्ट्रिय र अन्तर्राष्ट्रिय सञ्चार माध्यममा प्रेस विज्ञप्तिको वितरण मार्फत प्रचार, साथै पाटा च्याप्टर्स नेटवर्क भित्र पोखराको विविध पर्यटनका आयामको प्रदर्शन र प्रवर्द्धन गरिनेछ। त्यस्तै परिषद्का तर्फबाट कार्यक्रमको लागि स्थानीय पर्यटन अधिकारीहरू, सरोकारवालाहरू, प्रायोजकहरू, र साझेदारहरूसँग आवश्यक समन्वय गरिनेछ।

परिषद्का न्यूजलेटरहरू, सामाजिक सञ्जाल र अन्य मिडिया प्लेटफर्महरू मार्फत एक्स्पोका लागि मार्केटिङ र प्रवर्द्धनका काम गरिनेछ। कार्यक्रमका अतिथि र प्रतिनिधिहरूलाई स्वागत गर्न सहयोग लगायतका विभिन्न कामहरू गरिने सम्झौतापत्रमा उल्लेख छ। पोखरामा हुन लागेको एक्स्पोले पर्यटन राजधानी पोखरा सहित समग्र नेपालको पर्यटकीय गतिविधि अघि बढाउन महत्वपूर्ण भूमिका खेल्ने परिषद्का अध्यक्ष पहारीले विश्वास व्यक्त गर्नुभयो।



# सफल पोखरा अन्तर्राष्ट्रिय म्याराथन प्रतियोगितामा सहभागी हुने नाम दर्ता सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, २३ पुस

नेपाल भुतपुर्व खेलाडी मञ्चको आयोजनामा पोखरामा आउँदो फागुन ३ गते १९ औं संस्करणको सफल पोखरा अन्तर र्ष्ट्रिय म्याराथन प्रतियोगिता २०८१ हुने भएको छ । उक्त प्रतियोगितामा सहभागि हुनको लागि खेलाडीहरुको नाम दर्ता गर्न सुरु गरिएको मञ्चका अध्यक्ष दील बहादुर गुरुङले मंगलबार पोखरामा आयोजित पत्रकार भेटघाट कार्यक्रममा जानकारी गराउनु भएको हो ।

यसपालीको म्याराथन सहितको विभिन्न इभेण्टको दौड प्रतियोगिता सहित रन फर फनमा गरी १० हजार जना धावक सहभागि गराउने लक्ष्य राखिएको निवर्तमान अध्यक्ष हरि प्रसाद पराजुलीले बताउनु भयो । प्रतियोगिताको पुरस्कारमा मात्र २१ लाख ३४ हजार खर्च हुने भएको उहाँले जनाउनु भयो । सफल दुधको मुख्य प्रयोजनमा हुने उक्त म्याराथन पोखराका १७ वटा कोर सिटिका वडाहरु पर्ने निवर्तमान अध्यक्ष पराजुलीले जनाउनुभयो । केही दिन अघि देखि खेलाडीहरुको दर्ता खुल्ला गरेसंगै हाल सम्म स्वदेश तथा विदेश गरि ८९ जनाले अनलाईन मार्फत दर्ता गरेको उहाँले जनाउनु भयो । जस मध्ये म्याराथनमा २४ विदेशी सहित ४६ जना, हाफ म्याराथन पुरुषतर्फ ७ विदेशी सहित १३ जना, हाफ म्याराथन महिला १ विदेशी सहित २ जना, १० किमि पुरुष १ विदेशी सहित १६ जना, १० किमि महिला २ विदेशी सहित ५ जना, ५ किमि भेट्रान्स (५० वर्ष) पुरुष १ जना, ५ किमि छात्र ३ र ५ किमि छात्रा ३ जना दर्ता गराएको मञ्चले जनाएको छ । दर्ता गर्ने अन्तिम मिति २०८१ माघ २४ गते सम्म रहेको अध्यक्ष गुरुङले उल्लेख गर्नुभयो । यही पौष २७ गतेबाट सुरू हुने मासिक/साप्ताहीक दौडको महाअभियानमा सहभागि हुन मञ्चका पूर्व अध्यक्ष तेज बहादुर गुरुङले बताउनु भयो । स्वच्छ पोखरा, स्वास्थ्य पोखरेली भन्ने नाराका साथ उक्त दौड पोखराको कुना कुनासम्म पुर्याउने आफुहरुको लक्ष्य रहेको उहाँले जनाउनु भयो । ८ बर्ष देखि १२ बर्ष उमेर समुह तर्फ ३ किलोमिटर र १३ बर्ष देखि १६ बर्ष उमेर समुह तर्फ ५ किलोमिटर सडक दौड प्रतियोगिता हुने भएको छ । पहिलो ५/५ जना छात्र तथा छात्रालाई मेडल, प्रमाणपत्रको साथमा गिफ्ट ह्याम्परहरु उपलब्ध गराइने भएको छ । म्याराथन प्रतियोगिताको विजेतालाई ५ लाख, उपविजेतालाई ३ लाख, तेश्रोलाइ २ लाख र सान्त्वना स्वरुप चौथोदेखि ८ जनालाई नगद ३० दखि १० हजार प्रदान गरिने भएको छ । खुल्ला म्यारथन तर्फ गण्डकी प्रदेशका खेलाडीहरुलाई समेत प्रोत्साहन गर्न पुरस्कारको ब्यबस्था गरिएको छ । विजेतालाई ५० हजार, उपविजेताले ३० हजार र तेस्रो हुनेलाई २० हजार रुपैयाँ प्रदान गरिने भएको छ । महिला हाप म्याराथन बिजेताले १ लाख ५० हजार, दोस्रो हुनेले १ लाख र तेस्रो हुने धाविकाले ७५ हजार रुपैयाँ पुरस्कार प्राप्त गर्नुहुने भएको छ । १० किलोमिटर सडक दौड महिला तथा पुरुषले समान ३०, २०, १५ हजार नगद पुरस्कार प्राप्त गर्नु हुने भएको छ । ५ किलोमिटर छात्र/ छात्रा दौडमा बिजेतालाई समान १५/१५ हजार, उपविजेताले समान १०/१० हजार र तेस्रो हुनेले समान ७/७ हजार प्रदान गरिने भएको छ । खुला म्याराथन तर्फ गण्डकी प्रदेशका धावकहरूलाई प्रोत्साहन गर्न विजेतालाई ५० हजार, उपविजेताले ३० हजार र तेस्रो हुनेलाई २० हजार रुपैयाँ प्रदान गरिने भएको छ । महिला हाप म्याराथन बिजेताले १ लाख ५० हजार, दोस्रो हुनेले १ लाख र तेस्रो हुने धाविकाले ७५ हजार रुपैयाँ पुरस्कार प्राप्त गर्नुहुने भएको छ । १० किलोमिटर सडक दौड महिला तथा पुरुषले समान ३०, २०, १५ हजार नगद पुरस्कार प्राप्त गर्नु हुने भएको छ । ५ किलोमिटर छात्र/छात्रा दौडमा बिजेतालाई समान १५/१५ हजार, उपविजेताले समान १०/१० हजार र तेस्रो हुनेले समान ७/७ हजार प्राप्त गर्ने भएका छन् । अपाङ्गता भएकाहरूको ह्विलचियर र दृष्टिबिहिन दौड समेत हुने भएको छ ।म्याराथनको रूट पोखराको कोर सिटि १७ र फेवाताल सहित माछापुच्छेको प्रतिविम्बमा २५ किलोमिटर दौडको रूट निर्धारण गरिएको छ। पोखरा रंगशालाबाट सुरू भई कदममार्ग, रानीपौवा,फुलवारी, पृथ्वीनारायण क्याम्पस गेट, सिमपानी, विन्ध्यवासिनी मन्दिर, हल्लनचोक, खपौदी,पामे, ठुलाखेत, घाँटी छिना हुँदै पुनः लेकसाईडको हल्लनचोकमा आयर टुंगिने भएको छ। मञ्चको अगुवाईमा ४ सय ३२ रोपनी क्षेत्रफलमा फैलिएको पोखरा रंगशालाको पर्खाल निर्माण भए पनि हाल विभिन्न दाताको नाम समेत मेटिएकोले त्यसको पुन लेखन तथा पर्खाल मर्मत संहार गर्न मंचले समन्वय गर्ने भएको छ।

# भगवतीका विद्यार्थीलाई स्टेसनरी तथा नगद वितरण

**पोखरापत्र संवाददाता**
पोखरा, २३ पुस



अन्नपूर्ण ९, तिखेढुंगास्थित भगवती माध्यमिक विद्यालयमा सोमबार कमसार्की सुनकुमारी गुरुङ एजुकेसन फाउन्डेसन ट्रूस्टले विद्यार्थी तथा शिक्षकलाई स्टेसनरी एवम् शैक्षिक सत्र २०८० मा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीलाई प्रमाणपत्र सहित नगद पुरस्कार प्रदान गरेको छ।

अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष विष्णुबहादुर केसीको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा ट्रष्टका संरक्षक कुमबहादुर गुरुङले विद्यार्थीमा पढाइप्रति चासो बढाउन र शैक्षिक उपलब्धि सुधारका लागि विगत १० वर्ष देखि बर्सेनि यस विद्यालयका विद्यार्थीलाई शैक्षिक सामग्री सहयोग तथा नगद पुरस्कार प्रदान गर्दै आएको बताए । प्रमुख अतिथिको रुपमा बोल्दै गाउँपालिका अध्यक्ष विष्णुबहादुर केसीले स्थानीय सरकारले गर्नुपर्ने धेरै कामहरुमा विभिन्न सामाजिक संस्थाहरुले सहयोग गरेको र गाउँपालिकाले यस्ता कार्यको उच्च मुल्याङ्कन गर्दै सबै मिलेर सँगसँगै समृद्धिको यात्रामा हिँड्न चाहेको बताए । उनले अगाडि भने, "हाम्रो पहिलो प्राथमिकता भनेको शिक्षा र स्वास्थ्य हो । विद्यालयमा आवश्यकता के छ ? हामीलाई भन्नुहोस्, सामाजिक संस्था र स्थानीय सरकार मिलेर सम्पूर्ण अवश्यकता पूरा गर्न तयार छौं । अब हामी सबैको एउटै चाहना छ, हाम्रो शिक्षा गुणस्तरीय हुनुपर्छ।" उनले विगत तिन वर्षमा २९ प्रतिशत उर्त्तीण दर रहेको एस्ईईको नतिजाबाट ५२ प्रतिशत उर्त्तीण दर पुर्‍याउन सफल भएकोमा शिक्षकहरुलाई हार्दिक बधाई ज्ञापन गर्दै यसवर्ष ७० प्रतिशत उर्त्तीण दरको लक्ष्य पूरा गर्न लागि पर्नुपर्नेमा जोड दिए । फाउन्डेसनका अध्यक्ष रामबहादुर गुरुङले प्रत्येक कक्षाबाट २.८ जिपिए वा सोभन्दा माथिल्लो जिपिए ल्याई उर्त्तीण हुन सफल उत्कृष्ट विद्यार्थीलाई नगद पुरस्कार प्रदान गर्ने गरेको बताउँदै सकेसम्म धेरै विद्यार्थीले निर्धारित जिपिए प्राप्त गरी आगामी वर्षहरुमा समेत फाउन्डेसन र विद्यालय बिचको यो सम्बन्ध निरन्तर बनाउन सहयोग गर्नुपर्ने बताए । सहर केन्द्रित बसाइँसराई बढेको प्रति चिन्ता व्यक्त गर्दै उनले गाउँका दुरदराजमा रहेर पनि विद्यार्थीले गुणस्तरीय शिक्षा पाउनुपर्ने बताए । दुर्गम गाउँमा समेत शिक्षाको ज्योति फैलाउन लागिपरेका शिक्षकहरुलाई सम्मान व्यक्त गर्दै उनले यसवर्ष शैक्षिक सत्र २०८० मा उत्कृष्टता हासिल गर्ने १७ जना विद्यार्थीलाई नगद पुरस्कारका साथ विद्यालयका करिब १ सय १५ विद्यार्थी तथा कार्यरत १६ शिक्षकलाई समेत स्टेसनरी सहयोग गरिएको जानकारी दिए। यसैविच सावेत युके मिलन समाजको तर्फबाट एसईईमा उत्कृष्ट नतिजा ल्याउन सफल ३ जना विद्यार्थीलाई जनही बीस पाउण्डको दरले पुरस्कृत समेत गरिएको थियो ।

विषेश पुरस्कार अन्तर्गत अनुशासित विद्यार्थीको रुपमा कक्षा ७ का आयुष विक, उत्कृष्ट उपस्थितिका आधारमा कक्षा ९ की दीपिका गुरुङ, व्यक्तिगत सरसफाईतर्फ कक्षा ३ की करुणा विक र विद्यालयको सर्वोकृष्ट नतिजाका अधारमा कक्षा ५ की विद्यार्थी अंकिता गुरुङलाई पुरस्कृत गरियो ।

कार्यक्रममा गाउँपालिकाका प्रवक्ता तथा वडा नं. ७ का वडा अध्यक्ष भरतमान गुरुङ, वडा नं. ९ का अध्यक्ष रमेश गुरुङ, वडा नं. ४ का वडा अध्यक्ष आइन्दल गुरुङ, प्रशासन शाखाका अधिकृत ठाकुरप्रसाद अधिकारी, विद्यालयका अर्थिक व्यवस्थापन समितिका संयोजक मेजर हितमान गुरुङ लगायतले शुभकामना मन्तव्य राखेका थिए । विभिन्न विद्यार्थीहरुको साँस्कृतिक प्रस्तुती रहेको उक्त कार्यक्रममा स्थानीय आमा समूह र अभिभावकले व्यवस्थापकीय सहयोग गरेका थिए । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष शेर बहादुर गुरुङको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रअ चन्द्रकुमारी गुरुङले स्वागत तथा शिक्षक खेमबहादुर पुनले सञ्चालन गरेका थिए ।

# कुरेचौरमा प्लाष्टिक मुक्त वातावरण एवम् जनचेतना कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा २३ पुस



पोखरा१६मा रहेको पर्यटकीय गाउँ कुरेचौरमा वातावरण संरक्षण एवम् सरसफाई सम्बन्धी जनचेतनामुलक कार्यक्रम सम्पन भएको छ।

स्वाभिमान टोल विकास संस्था कुरेचौरका अध्यक्ष बासुदेव आचार्यको अध्यक्षतामा भएको कार्यक्रममा पोखरा १६ का वडा सदस्य रामचन्द्र आचार्यले डष्टविनमा फोहर सङ्कलन गरेर सफाइ अभियानको शुभारम्भ गर्नु भयो ! सो अवसरमा सफाइ अभियानलाई साथ दिदै गाउँदेखि मुल सडक, डाँडाका चौतारोसम्म सरसफाई गरिएको थियो । सरसफाई पछि कार्यक्रममा बोल्दै प्रमुख अतिथि आचार्यले घर, छिमेक र गाउँको वातावरण सफा गर्न सम्पूर्ण गाउँबासी र यस क्षेत्रका नागरिक निरन्तर रुपमा लाग्नुपर्ने बताउनु भयो । आचार्यले गाउँ तथा वरपरको वातावरण सफा राख्न यस क्षेत्रमा घुम्न आउने आगन्तुकहरुको पनि जिम्मेवारी रहेको बताउदै आगन्तुकहरुलाई जथाभावी फोहर नगरिदिनुहुन अनुरोध गर्नुभयो । टेन्जिङ एण्ड डोल्मा नेपालको विशेष सहयोगमा आयोजित सो कार्यक्रममा बोल्दै वडा सदस्य मन्जु नेपालीले गाउँको वातावरण सफा र मनोरम रहेको बताउँदै वातावरणलाई सदैव स्वच्छ राख्न यस क्षेत्रकै नागरिकको मूल भूमिका रहने बताउनु भयो । त्यस्तै स्वाभीमान टोल विकास संस्थाका पूर्व अध्यक्ष होमनाथ आचार्य, समाजसेवी एवम् शुक्ला साहित्य प्रतिष्ठानका सचिव रामप्रसाद पौडेल लगायतले सफाई अभियान सफल पार्न आगन्तुक पर्यटक सहित छिमेकी गाउँ सहितको भूमिका महत्वपूर्ण रहने बताए । कार्यक्रममा पोखरा महानगर वातावरण महाशाखाका अधिकृत इन्जिनियर निर्मल भण्डारीले प्लाष्टिकले मानवीय जीवन, वातावरण प्रदुषण र जैविक धरातलमा पारेको असर , प्लाष्टिक प्रयोगमा न्युनिकरण र व्यवस्थापन पक्षमा प्रशिक्षण दिनु भयो । त्यस्तै कार्यक्रममा फोहोर व्यवस्थापनका लागि डष्टविन ,कुचो लगायतका फोहर व्यवस्थापनका सामाग्रीहरु वितरण गरिएको थियो ।

स्वास्थ्यकर्मी श्याम सुन्दर आचार्यको संयोजकत्वमा आयोजित सो कार्यक्रममा कुलदिप महिला विकास संस्थाका सचिव आरती सुवेदी आचार्यले स्वागत मन्तव्य राख्नु भएको थियो भने कार्यक्रमको संचालन स्वाभीमान टोल विकास संस्थाका सदस्य बोधराज आचार्यले गर्नु भएको थियो

# इक्यानको ईम्पावरिङ एजुकेशन प्रोफेसनल कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, २३ पुस



नेपाल शैक्षिक परामर्श संघ (इक्यान) कास्कीले सदस्यहरुको क्षमता अभिबृद्धि गराउने उदेश्यले सहीत एक कार्यक्रम सम्पन्न गरेको छ।

अष्ट्रेलियाको चर्चिल इन्स्टिच्युट अफ हाइयर एजुकेशनको सहकार्यमा इक्यानले ईम्पावरिङ एजुकेशन प्रोफेसनल कार्यक्रम सम्पन्न गरेको हो । कार्यक्रममा चर्चिल इन्स्टिच्युटका रिजनल मार्केटिङ्ग डिरेक्टर विजय शर्माले कलेजको वारेमा जानकारी गराएका थिए । शर्माले वर्तमान समयमा अष्ट्रेलियामा विद्यार्थीको माग, कलेजले अन्तराष्ट्रिय विद्यार्थीहरुलाई अध्ययन गराउने विषय र भर्ना प्रकृयाको वारेमा जानकारी गराएका थिए । चर्चिल इन्स्टिच्युट अष्ट्रेलियाको सिड्नीमा रहेर ब्याचलर लेभलका विभिन्न मेजर विषयमा अध्यापन गराउने गरेको छ । कार्यक्रममा सहभागि इक्यान कास्कीका सदस्यलाई कलेजको प्रतिनिधिको रुपमा प्रमाणपत्र वितरण गरिएको थियो । प्रमाणपत्र प्राप्त संस्थाले कलेजको प्रतिनिधिको रुपमा काम गर्न सक्नेछन्। इक्यान शैक्षिक परामर्श सेवा प्रदान गर्ने व्यवसायीहरुको छाता संस्था हो। इक्यान कास्कीमा ५० परामर्श व्यवसायी सदस्य रहेका छन् । अधिकांस सदस्यले शिक्षा मन्त्रालयबाट मान्यता प्राप्त गरेका छन्। इक्यान कास्की अध्यक्ष ओमप्रकाश गैह्यको अध्यक्षतामा भएको कार्यक्रममा इक्यान केन्द्रका उपाध्यक्ष तथा कास्की शाखाका सल्लाहकार भुवन बहादुर क्षेत्री र पूर्वअध्यक्ष तथा सल्लाहकार मिलन तिवारीले मन्तब्य राखेका थिए । उपाध्यक्ष क्षेत्रीले मन्तब्य राख्दै अष्ट्रेलियाको भिसा नीतिको वारेमा जानकारी गराएका थिए । क्षेत्रीले शैक्षिक परामर्श सेवालाई मर्यादित बनाउन आग्रह गरे ।

इक्यान कास्कीका सचिव सुरेन्द्र बरालले संचालन गरेको कार्यक्रममा उपाध्यक्ष सन्तोष शाहीले स्वागत मन्तब्य राखेका थिए।

# फागुन ६ देखि ७ औं स्याङ्जा महोत्सव

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २३ पुस

स्याङ्जा जिल्ला उद्योग वाणिज्य संघ स्याङ्जाले फागुनमा ७औं स्याङ्जा महोत्सव आयोजना गर्ने भएको छ।

१३ दिन संचालन हुने सातौ स्याङ्जा महोत्सव फागुन ६ गतेदेखि १८ गतेसम्म हुने छ। ७ औं स्याङ्जा महोत्सवको तयारीका लागि स्याङ्जा जिल्ला उद्योग वाणिज्य संघले सचिवालय स्थापना गरेको छ।

महोत्सवलाई भव्यरुपमा सफल बनाउन संघकै कार्यालयमा सचिवालय स्थापना गरिएको आयोजकले जनाएको छ। महोत्सव सचिवालयको उदघाटन गर्दै नेपाल उद्योग वाणिज्य महासंघका पूर्व केन्द्रिय सदस्य दीपक लम्सालले महोत्सव सफल बनाउन सबै स्याङ्जावासीको साथ सहयोग आवश्यक रहने बताए। यसका लागि संघका सबै पदाधिकारीहरु सहकार्य गर्दै अघि बढ्न लम्सालले आग्रह गरे। छैठौ महोत्सवसम्मको अनुभव लिदै ७औं महोत्सव सफल बनाउन जिम्मेवारी बहन गर्दै अगाडी बढ्न आयोजकलाई लम्सालले सुझाए । सचिवालय उद्घाटनमा गण्डकी प्रदेश उद्योग वाणिज्य महासंघका कोषाध्यक्ष नवराज सुवेदी, च्याम्बर अफ कमर्शका अध्यक्ष लोकनाथ रेग्मी, नागरिक समाजका अध्यक्ष ओमप्रकाश शर्मा लगायतले जिल्लाको पहिचान गराउने अवसरका रुपमा रहेको महोत्सवलाई सबैले आ आफना क्षेत्रबाट सहयोग गर्ने प्रतिवद्धता जनाए । स्याङ्जा जिल्ला उद्योग वाणिज्य संघ स्याङ्जाका अध्यक्ष महादेव श्रेष्ठको अध्यक्षतामा सम्पन्न कार्यक्रमको संचालन महासचिव रविन केसीले गरेका थिए । उद्योग वाणिज्य संघले आयोजना गर्न लागेको महोत्सव पुतलीबजार नगरपालिका १ स्थित खेलमैदानमा हुने छ। प्रदेश स्तरीय कृषि, पर्यटन, औधोगिक ब्यापार मेलामा स्याङ्जालाई चिनाउने महोत्सवका रुपमा रहने आयोजकले जनाएका छन् । महोत्सवलाई सफल बनाउन संघका बर्तमान तथा पूर्व पदाधिकारी एवं पूर्वसदस्य सहित बिभिन्न उपसमितिका सदस्यबीच महोत्सव बारे छलफल एवं अन्तरक्रिया गरिएको संघका अध्यक्ष श्रेष्ठले बताए । ७औं स्याङ्जा महोत्सव जिल्लाको पहिचानसगँ जोडिएकाले सबैको सहकार्य, सहअस्थित्व र सुझावकै आधारमा आयोजक अगाडी बढ्ने अध्यक्ष श्रेष्ठले बताए।

# भूकम्पका कारण ११ जना बेहोस, दुई घाइते, चनाखो हुन अनुरोध

**रासस**
काठमाडौं, २३ पुस

चीनको स्वशासित क्षेत्र तिब्बतको डिङ्गयीमा केन्द्रविन्दु भएर आज बिहान गएको ७ रिक्टरस्केलको भूकम्पका कारण नेपालमा अहिलेसम्म १३ जना घाइते (११ जना बेहोस) भएका प्रहरीले जानकारी दिएको छ।

नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता, प्रहरी वरिष्ठ उपरीक्षक विश्व अधिकारीले विभिन्न जिल्लामा १३ जना घाइते भएका र दुई घर पूर्ण, एक आंशिक र ११ घरमा सामान्य क्षति भएको विवरण प्राप्त भएको जानकारी दिनुभयो । यद्यपि विवरण सङ्कलनका लागि प्रहरीहरू खटाइएकाले थप खुल्न बाँकी रहेको पनि उहाँले राससलाई बताउनुभयो । उहाँले भूकम्पका कारण काठमाडौँमा एक, बारामा ११ र काभ्रेमा एक जना घाइते पनि जानकारी दिनुभयो।


## के तपाईमा यौनसम्बन्धी समस्या छ

- पुरुषमा देखिनेः शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।
- महिलाहरूमा देखिनेः स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।
- सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरू, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरू।
- मलद्बार सम्वन्धी रोग : छारसुत्रद्बार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्बारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्बार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजे देखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

केवल कर्महीन नै यतो हुन्छन जो भाग्यलाई फुकाउँछन र उसँग गुनासोको बाहुल्यता रहन्छ । – गौतम बुद्ध

## सम्पादकीय

# चीनमा भूकम्प नेपालमा त्रास

चीनको तिब्बतमा गएको भूकम्पमा परी मृत्यु हुनेको संख्या मंगलबार साँझसम्म १२६ पुगेको छ। चिनियाँ सञ्चारमाध्यमहरुका अनुसार चीनको सिजाङ स्वशासित क्षेत्रको डिङ्गी काउन्टीमा मंगलबार बिहान गएको भूकम्पमा परी घाइते हुनेको संख्या १८८ पुगेको छ। मंगलबार बिहान स्थानीय समयअनुसार नेपालको उत्तरपूर्वी सीमानजिकै चीनको सिजाङ स्वशासित क्षेत्रको डिङ्गी काउन्टी केन्द्र भएर भूकम्प गएको हो। भूकम्प मापनसम्बन्धी चीनको आधिकारिक निकाय चाइना अर्थक्वेक नेटवर्क्स सेन्टरका अनुसार स्थानीय समयअनुसार बिहान ९ बजेर ५ मिनेट जाँदा ६.८ म्याग्निच्युडको भूकम्प गएको हो। सेन्टरका अनुसार भूकम्पको उद्गम बिन्दु(गहिराइ) १० किलोमिटर रहेको छ।

सीसीटीभीका अनुसार भूकम्पको केन्द्रबिन्दुको ५ किलोमिटर आसपासमा ७ वटा गाउँ रहेका छन्। त्यस्तै केन्द्रबिन्दुको २० किलोमिटर आसपासमा भने २ वटा सहर रहेका छन्। भूकम्पका कारण भवनहरू भत्किएको भिडियो र तस्बिरहरूसमेत सार्वजनिक भएका छन्। चिनियाँ सञ्चारमाध्यमहरूका अनुसार भूकम्प प्रभावित क्षेत्रमा राहत र उद्धार टोली खटिइसकेका छन्। यूएस जियोलोजिकल सर्भेले भने उक्त भूकम्पको मापन ७.१ म्याग्निच्युड रहेको जनाएको छ। नेपालको राष्ट्रिय भूकम्प मापन केन्द्रले ७.० म्याग्निच्युडको भूकम्प गएको जनाएको छ। भूकम्पको धक्का नेपालका विभिन्न जिल्लासँगै भुटानको थिम्पु, भारतको बिहार र बंगलादेशसम्म पनि महसुस गरिएको समाचारहरू आएका छन् ।मंगलबार विहान ६ बजेर ५१ मिनेट जाँदा काठमाडौं लगायतका जिल्लामा भूकम्प पछि अत्याएको थियो। कोशी प्रदेश र मधेस प्रदेशमा भूकम्पको धक्का महशुस भएको छाकाठमाडौंमा २०७२ सालमा गएको भूकम्प पछिको पराकम्प जस्तै गरि आत्तिएका थिए।

चीनको स्वशासित क्षेत्र तिब्बतको डिङ्गयीमा केन्द्रविन्दु भएर आज बिहान गएको ७ रिक्टरस्केलको भूकम्पका कारण नेपालमा अहिलेसम्म १३ जना घाइते (११ जना बेहोस) भएका प्रहरीले जानकारी दिएको छ। नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता, प्रहरी वरिष्ठ उपरीक्षक विश्व अधिकारीले विभिन्न जिल्लामा १३ जना घाइते भएका र दुई घर पूर्ण, एक आंशिक र ११ घरमा सामान्य क्षति भएको विवरण प्राप्त भएको जानकारी दिएका छन। ओखलढुङ्गामा एक घर पूर्ण र दुई घरमा सामान्य तथा सङ्खुवासभामा एक घरमा सामान्य क्षति भएको छ। प्रहरीका अनुसार सोलुखुम्बुम एक पूर्ण र एक आंशिक तथा तीन घरमा सामान्य क्षति भएका तथा ताप्लेजुङमा तीन, सिन्धुपाल्चोकमा एक र रामेछापमा एक घरमा सामान्य क्षति भएको छ।

गृहमन्त्रालयको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले उक्त भूकम्पबाट नेपालमा हालसम्म कुनै मानवीय क्षति भएको जानकारीप्राप्त नभएको जानकारी गराउँदै विवरण सङ्कलन भइरहेको जनाएको छ। प्राधिकरणका प्रवक्ता डा डिजन भट्टराईले मंगलबार एक विज्ञप्ति जारी गर्दै भूकम्पको केन्द्र नजिकका उत्तरपूर्वी जिल्लाका केही भवन संरचनामा सामान्य क्षति पुगेको खबर प्राप्त भएका जानकारी दिएका छन। उक्त भूकम्पका परकम्प निरन्तर आइरहेको र थप परकम्प आउनसक्ने भएकोले सम्भाव्य जोखिमलाई मध्यनजर गरी तयारी अवस्थामा रहन स्थानीय प्रशासन, सुरक्षा निकायलाई निर्देशन दिएको छाराष्ट्रपति रामचन्द्र पौडेल, प्रधानमन्त्री केपी शर्मा ओलीले विपदमा परी मृत्यु भएका चिनियाँ नागरिकप्रति श्रद्धाञ्जलि अर्पण गर्दै घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गरेका छन । विपद्का बेला चिनियाँ जनतालाई नेपालले सहानुभूति प्कट गर्ने र सहयोग गर्ने वचन दिएका छन । नेपाललाई चीनले गरेको सहयोग विर्सन मिल्दो ।यस्तो बेला चीनलाई सक्दो सहयोग र सहानुभूति खाँचो हुन्छ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : झमेला बढ्ने |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : शुभ यात्रा |
| मिथुन | : शारीरिक झमेला | धनु | : स्वास्थ्यमा सुधार |
| कर्कट | : मानसिक तनाब | मकर | : कार्यमा सफलता |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : शत्रुको भय | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# पोखरा महोत्सवको तयारी पुरा

पोखरापत्र संवाददाता
पोखरा, २३ पुस

आगामी पुष २५ देखि माघको ७ गते सम्म पोखराको अमरसिंह चौरमा आयोजना हुने १३ औं संस्करणको पोखरा महोत्सवको तयारी पुरा भएको छ। महोत्सव आयोजक युनाईटेड क्लव पोखराले मंगलबार महोत्सव स्थल अमरसिंह चौरमा पत्रकार सम्मेलनको आयोजना गरी महोत्सवको सम्पूर्ण तयारी पुरा भएको जनाएको हो।

पोखरा महोत्सवको आयोजना गरि शिक्षा, स्वास्थ्य, खेलकुद र पर्यटन प्रवर्द्धन र सेती नदी संरक्षण संगै पोखरामा खुल्ला चिडियाखाना निर्माणमा पहलकदमी थाल्दै आएको युनाईटेड क्लबले १३ औं संस्करणको पोखरा महोत्सवदेखि युनाईटेड छात्राबास निर्माणलाई प्राथमिकतामा राखेर काम गर्ने जनाएको छ । पत्रकार सम्मेलनमा वोल्दै युनाईटेड क्लबका महासचिव तथा प्रचार प्रसार संयोजक दिनेश सुनारले १३ औं संस्करणको महोत्सवको पूर्व सन्ध्यामा युनाईटेड क्लबले पोखरा २७ अर्चलेमा रहेको आफ्नै जग्गामा युनाईटेड छात्राबासको सिलान्यास समेत सम्पन्न भइसकेकाले १३ औं संस्करणको पोखरा महोत्सव पश्चात छात्राबासको कामको शुरुवात हुने बताए । पोखरा महोत्सवकै आम्दानीबाट १३ औं पोखरा महोत्सव सम्म आइपुग्दा पोखरा र आसपासमा रहेका १९ वटा सामुदायिक विद्यालयहरुमा छात्रवृत्ति अक्षयकोष स्थापना गरिसकेको र स्वास्थ्यको क्षेत्रमा विभिन्न दुर दराजका ग्रामीण भेगमा रहेकाहरुलाई लक्षित गरी निशुल्क स्वास्थ्य शिविरहरु सञ्चालन गर्दै आइरहेको युनाईटेड क्लबका अध्यक्ष तथा १३ औं पोखरा महोत्सव मुल आयोजक समितिका संयोजक लोक बहादुर थापाले बताए । त्यसैगरी क्लबले खेलकुदको क्षेत्रमा आफै खेलकुदका प्रतियोगिता संगै खेलकुदका कार्यक्रमहरुमा प्रायोजन संगै सहयोगी संस्थाको रुपमा काम गर्दै आइरहेको बताउदै अध्यक्ष थापाले महोत्सवकै आयोजना गरी युनाईटेड क्लबले हाल सम्म पर्यटन प्रवर्द्धन तर्फ पोखरामा खुल्ला चिडियाखाना निर्माणमा ५८ लाख ८५ हजार हस्तान्तरण गरिसकेको र हाल उक्त परियोजना गण्डकी प्रदेश सरकार अन्तर्गत जिल्ला डिभिजन बन कार्यालयले स्वामित्व लिएर प्रदेश सरकारकै गौरवको आयोजना अन्तर्गत काम भइरहेको बताए।

महोत्सवमा विभिन्न जाति, जनजातिका कला संस्कृतिको प्रदर्शनी, औधोगिक उत्पादनको प्रदर्शनी एवं बिक्री, हस्तकला सामानहरुको प्रदर्शनी एवं बिक्री, सूचना प्रविधीहरुको प्रदर्शनी एवं जानकारी, ब्यवशायीक संघ संस्थाहरुको सेवा बारे जानकारी, स्थानिय, राष्ट्रिय तथा अन्तराष्ट्रिय उपभोग्य बस्तुहरुको प्रदर्शनी तथा उचित मुल्यमा बिक्री वितरण , पर्यटन प्रवर्द्धनका सामाग्रीहरुको प्रदर्शनी एवं जानकारी, पोखरा लगायत विभिन्न पर्यटकीय स्थलहरुको जानकारी, सामाजिक संस्थाहरुको परिचयन एवं जानकारी, नेपाली संस्कृति झल्कने नृत्य प्रस्तुती संगै कृषिका गतिविधीहरु सञ्चालन हुनेछन । १३ औं महोत्सवको थप आकर्षण र ब्यवशायीक जानकारीको लागि अष्ट्रिच पंक्षीको प्रदर्शनी र जानकारी दिइने छ। पत्रकार सम्मेलनमा युनाईटेड क्लबका संस्थापक अध्यक्ष हिमालय बखेल, क्लबका निवर्तमान अध्यक्ष राजु श्रेष्ठ, बरिष्ठ उपाध्यक्ष गणेश तिमिल्सिना, द्धितिय उपाध्यक्ष सूर्य बहादुर बानियाँ, कोषाध्यक्ष जयराम आचार्य लगायतले पत्रकार सम्मेलनमा सहजीकरण गरेका थिए।

# सडक फराकिलो पार्न दरवाङवासीले पेटी र टहरा भत्काए

पोखरापत्र संवाददाता
म्याग्दी २३ पुस

मालिका गाउँपालिका-६ दरवाङका बासिन्दाले सडक फराकिलो पार्न स्वःस्फुर्त रूपमा पेटी र टहरा भत्काएका छन्।

मालिका गाउँपालिकाको केन्द्रसमेत रहेको दरवाङ बजारको सडक स्तरोन्नति योजनामार्फत सडक फराकिलो पार्न स्थानीयवासीले संरचना भत्काएर सघाएका हुन्।

मालिका गाउँपालिका-६ का वडाध्यक्ष पथबहादुर रोकाले उक्त योजना प्रभावित क्षेत्रका बासिन्दा आफैँ अग्रसर भएर पेटी र टहरा भत्काएर योजना कार्यान्वयनमा सहज बनाएका बताउनुभयो।

सडक विस्तार र स्तरोन्नतिका क्रममा प्रभावित क्षेत्रका घरधनीको अवरोध र विवादका कारणले प्रभावित भएको अवस्थामा दरवाङको तल्लो बजारका बासिन्दाले उदाहरण प्रस्तुत गरेका उहाँले बताउनुभयो। हाल तीन दशमलव पाँच मिटर फराकिलो सडकलाई पाँच दशमलव पाँच मिटर फराकिलो बनाउन दायाँबायाँका संरचना हटाएका हुन् । दरवाङ बजारको अर्को टोलमा पूर्वाधार विकास कार्यालयमार्फत सञ्चालित सडक विस्तार आयोजना प्रभावित क्षेत्रका केही घरधनीको विवादका कारण प्रभावित बनेको छ । मालिका गाउँपालिकाले चालु आर्थिक वर्षमा रु ४९ लाख बजेट विनियोजन गरेको दरवाङ बजार बाटो स्तरोन्नति योजनाअन्तर्गत हाल सडक फराकिलो बनाउने, नाली र टेवा पर्खाल निर्माणको काम भइरहेको उपभोक्ता समितिका सचिव कृष्णप्रसाद आचार्यले बताउनुभयो।

हुलाकचोक, तल्लो दरवाङ, पुलचोक र झोलुङ्गे पुलतर्फ सडकको दायाँ र बायाँ करिब चार सय मिटर लामो नाली निर्माणको काम थालिएको सचिव आचार्यले बताउनुभयो। पक्की नाली निर्माण भएपछि ढलान र कालोपत्र गरेर अर्को वर्ष सडकलाई पक्की बनाउने योजना छ। तीन सय बढी घर रहेको दरवाङ बजारको अन्य टोलमा यसअघिका वर्षमा पक्की नाली र सडक निर्माण भएको थियो।

# घलेल ल्होछार उत्सव सकियो: घान्द्रुक किम्चेलाई भलिबलको उपाधि



पोखरापत्र संवाददाता
पोखरा, २३ पुस

तमु समुदायको मुख्य पर्व ल्होछारको अवसरमा कास्कीको माछापुच्छे गाउँपालिका ८/९ स्थित घलेलमा सम्पन्न २६ औं घलेल ल्होछार उत्सवमा पुरुषतर्फको भलिबलको उपाधि घान्द्रुक किम्चेले जितेको छ।

आज भएको फाइनल खेलमा धम्पुसलाई ३-० को सोझो सेटले पराजित गर्दै घान्द्रुक किम्चेले उपाधि जितेको हो।

उपाधिसँगै घान्द्रुक किम्चेले नगद रु ६५ हजार ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्यो । यस्तै उपविजेता बनेको धम्पुसलाई नगद रु ४५ हजार पुरस्कारसहित ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गरिएको क्लबका अध्यक्ष विराज गुरुङले जानकारी दिए। उक्त प्रतियोगिताबाट किम्चेका सचिन नेपाली सर्वोत्कृष्ट खेलाडी घोषित भए। उनले गो बन्जी नेपालबाट बन्जी जम्पको अवसर प्राप्त गरे। यस्तै महिलातर्फ एलिट भलिबल प्रशिक्षण केन्द्र नदीपुरले हर्स राइडर समूह छोम्रोङलाई २-० को सोझो सेटमा पराजित गर्दै एलिट च्याम्पियन बन्यो। उनीहरुले क्रमशः ३० हजार, २० हजार, शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्यो । सो खेलबाट एलिट भलिबलकी पुजा सेन ठकुरी सर्वोत्कृष्ट खेलाडीका रुपमा पुरस्कृत बनिन् । यस्तै प्रौढतर्फ युनाइटेड किड्स क्लबले छारमेन्दो तक्रोलाई २-१ को सेटले हराउँदै किड्स विजयी बन्यो । उनीहरुले क्रमशः बोका (ठुलो) र उपविजेताले बोका (सानो)सँगै ट्रफी मेडल र प्रमाणपत्र हात पारे। उक्त विधामा किड्सका राम छन्त्याल सर्वोत्कृष्ट खलाडीका रुपमा पुरस्कृत भए । घोडा दौडतर्फ घान्द्रुकका हितमान गुरुङ च्याम्पियन बने । लुम्रेको पाउँखोलादेखि घलेलसम्मको दुरी घान्द्रुकका गुरुङले ८ मिनेट २७.७४ सेकेन्डमा पार गरे। यस्तै गरी विवेक पुन (८ मिनेट ३१.५७ सेकेन्ड) द्धित्तिय बने । भने, घान्द्रुकका विनोद थापा (८ मिनेट ५०.५० सेकेन्ड) तृतीय बने। प्रथम, द्वित्तिय र तृतीय बनेका उनीहरुले क्रमशः नगद रु ४० हजार, २० हजार र १० हजारसहित प्रमाणपत्र प्राप्त गरे।

यस्तै सामुहिक नृत्यतर्फ डिडी नृत्य प्रशिक्षण केन्द्र बगर विजयी बन्यो भने, पूर्णीमा साँस्कृतिक कला केन्द्र उपविजयी बन्दै क्रमशः ३० हजार र २० हजार तथा प्रमाणपत्रसहित पुरस्कत भए।

उनीहरुलाई समापन समारोहका प्रमुख अतिथिसमेत रहेका माछापुच्छे गाउँपालिकाका अध्यक्ष मिन बहादुर गुरुङ, वडा ८ का वडाध्यक्ष राम गुरुङ, वडा ९ का वडाध्यक्ष राजेन्द्र क्षेत्री वडा ६ का वडाध्यक्ष टेकनाथ गौतम समाजसेवी बम बहादुर गुरुङ (नगद रु १ लाख सहयोग) क्लबका सल्लाहकारहरु, सहयोगीदाताहरु लगायतले पुरस्कार वितरण गरेका थिए। बौद्ध सृजना युवा क्लबको आयोजनामा गत १५ गतेबाट सुरु भएको उत्सवमा यसअघि खुला सामुहिक नृत्य प्रतियोगिता, घोडा दौड लगायतका प्रतियोगिता सम्पन्न भइसकेका छन् । भने, चर्चित लोक तथा दोहोरी गायक चिज गुरुङ, गायीका मधु थापामगर तथा बालकाशी गुरुङ लगायतले सांगीतिक प्रस्तुती दिएका थिए।

# सहारा विद्यालयमा नेवा: मिसा पुच: द्वारा प्राथमिक उपचार अक्षयकोष स्थापना



पोखरापत्र संवाददाता
पोखरा, २३ पुस

वसपार्कमा रहेको सहारा बाल आधारभूत विद्यालयमा नेवाः मिसा पुचः पृथ्वीचोकले प्राथमिक उपचार अक्षयकोष स्थापनार्थ रकम हस्तान्तरण कार्यक्रम गरेको छ।

सोहि क्रममा विद्यालयका ६० जना छात्राहरुलाई महिनावारी स्वास्थ्य र सरसफाई सम्वन्धी सचेतनामुलक अन्तरक्रिया कार्यक्रम पनि सञ्चालन भएको थियो । संस्थाका अध्यक्ष लक्ष्मी मुल्मीले सो कार्यक्रममा विद्यालयका व्यवस्थापन समितिका अध्यक्ष विक्रम थकालीलाई चेक मार्फत रु.२५०००/- (पच्चिस हजार रुपैया) रकम हस्तान्तरण गरेका थिइन् । नेवाः मिसा पुचः पृथ्वीचोकका सचिव नविना श्रेष्ठले सञ्चालन गरेको कार्यक्रममा स्वागत मन्तव्य संस्थाका उपाध्यक्ष रोमा रजकले गरेकी थिइन्। संस्थाको अध्यक्ष लक्ष्मी मुल्मीको अध्यक्षता रहेको कार्यक्रममा वोल्दै विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विक्रम थकालीले दाताहरुलाई धन्यवाद व्यक्त गरे। विपन्न समुदायका बालबालिकाहरू अध्ययन गर्ने विद्यालयका बालबालिकाहरुलाई प्राथमिक उपचारका लागि अवधारणा सहितकोष स्थापना गर्नु निकै सर्हानिय कार्य भएको वताए ।सोहि क्रममा थकालीले नेवाः मिसा पुचले सुरुगरेको अक्षयकोषलाई वृहत वनाई सहज सेवा प्रदान गर्न सवैलाई सहयोगका निमित्त आह्वान गर्दै दुर्घटना अप्रिय कुरा भएपनि सो भएको खण्डमा थप जोखिम नहुन आवश्यक उपचारका लागि विद्यालयमा पर्याप्त स्रोत र साधन नभएको अवस्थामा सो किसिमको कार्य हुनुले आगामि दिनमा सहज हुने धारणा राखे।

पोखरा म.न.पा. वडा नं ९, का जनप्रतिनिधि नन्दराम गिरिले आयोजक संस्थालाई धन्यवाद व्यक्त गर्दै विद्यालयलाई सवैले सहायता प्रदान गर्दै हातेमालो गरि अगाडि वढाउनमा जोड दिए । नेवा :खल कचाः पृथ्वीचोकका अध्यक्ष रेशम बाबु श्रेष्ठको प्रमुख आतिथ्यतामा सञ्चालन भएको कार्यक्रममा वोल्दै अध्यक्ष श्रेष्ठले आगामी दिनमा थप सहयोगका लागी नेवाः खल सदैव तयार रहेको अभिव्यक्ति दिए। २५० वालबालिकाहरु अध्ययन गर्ने विद्यालयमा आयोजना भएको कार्यक्रमकको समापनका क्रममा वोल्दै संस्थाकी अध्यक्ष लक्ष्मी मूल्मीले कोषको सुरुवात गरेर विजारोपण गर्ने कार्य गर्न पाउदा खुशी व्यक्त गर्दै, सवैको साथ र सहयोगले बालबालिकाहरुलाई प्राथमिक उपचार पाउनमा सहज हुने धारण राखिन् । विद्यालयका प्रधानाध्यापकले स्वागत गर्दै सुरु गरिएको कार्यक्रममा नेवाः मिसा पुचः पृथ्वीचोकका संस्थापक अध्यक्ष एवम् विद्यालयका सल्लाहकार रेविका श्रेष्ठ, सहारा क्लब पोखराका अध्यक्ष, नेपा मिसा पुचा का पदाधिकारीहरु, नेवा खल पृथ्विचोकका पदाधिकारीहरु, विद्यालय व्यवस्थापन समितिका सदस्यहरु, सल्लाहकारहरु, शिक्षक अभिभावक एवम् विद्यार्थीहरुको उपस्थिती रहेको थियो।


HIMALAYAN LIFE

प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन नं. ५९७००५७, पो.ब.नं. २५९७९

**हकदावी सम्बन्धि सूचना**

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको र नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

| क.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | PLI1610001245 | दुर्गा लामिछाने | आँधिखोला-४,स्याङ्जा |



**गण्डकी प्रदेश टेबलटेनिस संघको साधारण सभा सम्बन्धि सूचना**

यस गण्डकी प्रदेश टेबलटेनिस संघको प्रथम साधारण सभा तथा प्रथम अधिवेशन निम्न मिति, समय र स्थानमा सम्पन्न गरिने भएको हुँदा उक्त कार्यक्रममा गण्डकी प्रदेशका विभिन्न जिल्लाका टेबलटेनिस खेलाडिहरु, खेलकुद प्रेमी महानुभावहरुलाई उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

कार्यक्रम
मिति : २०८१/०९/२९ गते सोमबार
समय : विहान ८:०० वजे
स्थान : प्रदेश खेलकुद परिषद् गण्डकी पोखराको सभाहल पोखरा रंगशाला

**गण्डकी प्रदेश टेबलटेनिस संघ, पोखरा**

# सूर्योदय र सूर्यास्त अवलोकनको आकर्षक गन्तव्य बन्दै कोरीडाँडा

**वासुदेव पौडेल**
गण्डकी, २३ पुस/रासस

कास्कीको मादी गाउँपालिका-१ स्थित कोरी आँखै अगाडि लमजुङ माछापुच्छ्रे, अन्नपूर्ण दोस्रो र चौथो, थ्रि सिस्टर आदि हिमाललाई नजिकबाट नियाल्न सकिने गन्तव्य हो।

पर्यटकीय गाउँ सिक्लेसबाट हुगु हुँदै नौलाखर्क, नौटा हुँदै करिब नौ घण्टा उकालो यात्रा गरेपछि समुद्री सतहबाट तीन हजार आठ सय ५० मिटर उचाइमा रहेको कोरीडाँडा पुगिन्छ । यो पदयात्राका क्रममा पर्यटकले अन्नपूर्ण र लमजुङ हिमालबाट समयसमयमा खस्ने हिउँपहिरो अवलोकन गर्दै जङ्गल, परम्परागत गोठ हुँदै उकालो चढ्ने होटल आइसफलका सञ्चालक पर्यटन व्यवसायी कृष्ण गुरुङले बताउनुभयो । सिक्लेसदेखि तासा हुँदै कोरी पुग्ने अर्को पदमार्गसमेत रहेको छ। हुगुमा बिहानको खाजा खाएर हिँडेका पर्यटक दिउँसोको खाना खान नौटाखर्क पुग्छन् । यहाँ चिया पसल छ । कोरी सूर्योदय र सूर्यास्त हेर्ने उपयुक्त गन्तव्यसमेत रहेको उहाँको भनाइ छ। कोरी जाने मार्गमा रहेको पाखामा गुरासैगुराँसको जङ्गल छ। वसन्तयाममा यहाँ रङ्गिएर मनमोहक बन्छ भने जेठतिर खर्कहरूमा फुल्ने मनमोहक फूलले जोकोहीलाई लोभ्याउने गरेको छ । प्राचीनकालमा कोरी सिक्लेस हुँदै मनाङ र लमजुङ जाने परम्परागत मार्ग प्रचलनमा रहँदा बटुवाहरू बास बस्ने थलो र गोठालाको खर्क थियो । नुन लिन जाने मार्गका रूपमा पनि यसले चासो र चर्चा कमाएको थियो । हाल चारवटा होटल रहेको कोरीमा पछिल्लो समय हाइकिङ र बिदामा घुमघामका लागि आन्तरिक पर्यटक आउने क्रम निकै बढिरहेको होटल व्यवसायी होम गुरुङले बताउनुभयो।

"कोरी हिमाललाई जरोदेखि टुप्पैसम्म एकसाथ अवलोकन गर्न पाउने गन्तव्य हो", उहाँले भन्नुभयो, "पदयात्राका क्रममा ठाडो उकालोका कारण थकित बनेका पदयात्रीलाई यहाँ आइसकेपछि देखिने दृश्यले सबै थकान बिर्साउने गरेको छ।" सिक्लेसबाट तसा हुँदै कोरी पुगेका पर्यटक पुरानै बाटो, नौटा हुगु- कपुचे-हुगु- सिक्लेस, ठुलोलेक-गुरुङ देउराली-तिमाङ, ठुलोलेक-क्होलासोथार-करापुडाडा-याङजाकोट अथवा ताङतिङ भएर यात्रा गर्ने विकल्प छ । कपुचे हिमतालसँगै कोरी, क्होलासौंथर र करापुडाँडालाई समेटिएकाले यो पदमार्गलाई 'फोरके ट्रेक'का रूपमा समेत लिन सकिने पर्यटन व्यवसायीहरू बताउँछन् । कोरीको पदयात्रामा जाने पर्यटक पोखराबाट ४१ किलोमिटर दूरीमा रहेको पर्यटकीय गाउँ सिक्लेसबाट त्यसतर्फको यात्रा सुरु गर्दछन् । सिक्लेसमा आएका पर्यटकले यहाँस्थित गुरुङ सङ्ग्रहालय, शान्ति स्मारक, सिक्लेस पार्क, हिमालको दृश्यावलोकन, गुरुङ जातिको मन्दिर, मौलिक संस्कृति, वेशभूषा, झाँकी आदिको अवलोकन गर्न पाउने मादी -१ का वडाध्यक्ष देवीजङ्ग गुरुङले बताउनुभयो । कोरीको पर्यटकीय सम्भावनालाई उजागर गर्न मादी गाउँपालिकाले प्राथमिकतामा राखेको उहाँले जानकारी दिनुभयो। उहाँका अनुसार यहाँको पुरुयुमबाट कोरीसम्म केबुलकार सञ्चालन गर्नका लागि सम्भाव्यता अध्ययनसँगै सार्वजनिक सुनुवाइसमेत भइसकेको छ। सिक्लेसबाट अन्नपूर्ण हिमालको काँखमा समुद्री सतहबाट दुई हजार चार सय २१ मिटर उचाइमा रहेको कपुचे ताल अवलोकन गर्दै कपुचेमा नै बस्ने वा हुगुमा आएर बस्ने विकल्प छ। त्यहाँबाट पर्यटक कोरीतर्फको यात्रा तय गर्ने उहाँले जानकारी दिनुभयो । कोरीबाट छ हजार नौ सय ८८ मिटर उचाइको लमजुङ हिमाल, सात हजार नौ सय ३७ मिटर उचाइको अन्नपूर्ण दोस्रो, छ हजार नौ सय ९३ मिटर उचाइको माछापुच्छ्रे हिमाल र आठ हजार एक सय ५६ मिटर उचाइको मनास्लु हिमाल आँखै अगाडि देख्न सकिन्छ।

कोरी पदयात्रासँगै हिमाल अवलोकनको उपयुक्त गन्तव्य रहेको बताउनुहुने पर्यटक पथप्रदर्शक गङ्गा घले आफूले यस पदमार्गमा धेरै पर्यटकको समूहलाई लिएर आइसकेको बताउनुभयो । "यहाँ आइसकेपछि जोकोही पर्यटक हिमालसहितको मनोरम दृश्य देखेर रमाउने गरेका छन्", उहाँले भन्नुभयो, "जरैदेखि टुप्पोसम्म एकसाथ हिमाललाई नियाल्न पाउनु नै यहाँको प्रमुख विशेषता हो ।" करिब १० वर्ष अघिसम्म सेताम्य हुने हिमाल अहिले भने खुइलिएको देख्दा आफूलाई धेरै चिन्तित बनाएको बताउँदै उहाँले पहिला सेताम्य हिमाल देखेर गएका विदेशी पर्यटक दोहोर्‍याएर आउने क्रममा हिमाल खुइलिएको देख्दा चिन्ताले रुने गरेको अनुभव सुनाउनुभयो। "पहिले यहाँबाट देखिने सेताम्य हिमालमा अहिले हिउँ नै छैन", उहाँले भन्नुभयो, "पछिल्लो १० वर्षयता हिमाली क्षेत्रमा तापमान वृद्धिको धेरै असर परिसकेको छ।" हिमाललाई बचाउने नसके हाम्रो पर्यटनमा पनि गम्भीर असर पर्ने बताउँदै उहाँले जथाभावी प्लाष्टिकजन्य वस्तु नजलाउन र वातारण प्रदूषण हुने कुनै किसिमका गतिविधि नगर्न सुझाउनुभयो । कोरीडाँडासहित यस क्षेत्रको पदयात्रा प्रवर्द्धन गर्ने उद्देश्यका साथ गुरुङ पर्यटन व्यवसायी सङ्घ गण्डकी प्रदेशले गुरुङ सम्पदा पदमार्गका रूपमा यहाँको प्रवर्द्धन र विकासलाई जोड दिएको सङ्घका संस्थापक अध्यक्ष बोबरजङ्ग गुरुङले बताउनुभयो।

सङ्घको आयोजना एवं नेपाल पर्यटन बोर्ड, गण्डकी प्रदेशको उद्योग तथा पर्यटन मन्त्रालय र मादी गाउँपालिकाको सहयोगमा पुसको दोस्रो साता सिक्लेसबाट कपुचे, कोरी, क्होलासोथार, कर्पुडाँडा हुँदै याङ्जाकोटसम्मको पदयात्रा सम्पन्न गरिएको कार्यक्रम संयोजकसमेत रहनुभएका उहाँले बताउनुभयो।

प्रवर्द्धनात्मक कार्यक्रममा अवसरमा कोरी र त्यहाँको पर्यटकीय सम्भावना, आवश्यकता आदिबारे स्थलगत पहिचान गरिएको बताउँदै उहाँले त्यहाँ विद्युत्, खानेपानी, सञ्चारलगायत अत्यावश्यकीय पूर्वाधार विकास गर्नुपर्ने देखिएको बताउनुभयो । "कोरीमा पर्यटकीय आकर्षण बढ्दो छ", उहाँले भन्नुभयो, "राज्यले उक्त स्थानमा तत्काल बिजुली, खानेपानीका साथै सञ्चार सुविधा पुग्नेगरी व्यवस्था गरिनु अपरिहार्य देखिएको छ।"

# हराउँदै गयो गुन्द्री बुन्ने चलन

**पोखरापत्र संवाददाता**
स्याङ्जा २३ पुस



पछिल्लो समय यहाँ गुन्द्री बुन्ने चलन हराउँदै गएको छ । खेतमा धान काटेर दाइँ हाल्ने बेला लामो-लामो परालका छाँटेर राख्ने र फुर्सदका बेला गुन्द्री बुन्ने परम्परा रही आएको छ।

खेतबारीमा भएका बालीनाली भित्र्याइसकेपछि विशेषगरी पुस-माघका दिनमा फुर्सदिलो समयमा हाते तानको माध्यमबाट गुन्द्री बुन्ने परम्परा हराउँदै गएको हो । धार्मिक पूजाआजा तथा पितृकार्यमा पनि धानको परालबाट बुनिएका नयाँ गुन्द्री प्रयोग गर्ने चलन थियो । बजारमा आउने प्लास्टिकका गुन्द्री तथा म्याटका प्रयोग बढ्दै जाँदा गुन्द्री बुन्नै छाडिएको वालिङ-८ की सीता सुवेदीले बताउनुभयो । "बजारमा प्लास्टिकका गुन्द्री र म्याट पाइन्छ, तिनकै प्रयोग गर्न थालियो", उहाँले भन्नुभयो, "गुन्द्री बुन्न अब हामीले सकिँदैन नयाँ पुस्ताले गुन्द्री बुन्न दुःख मान्छन्।" अझ पछिल्लो समय खेती गर्नै छाडेकाले परालको अभाव हुने र खेती गरिहालेमा पनि हाइब्रिड जातको खेती गर्दा पराल छोटो हुने गरेको उहाँले बताउनुभयो। सहरोन्मुख क्षेत्रमा प्लास्टिकबाट बनेका गुन्द्री र म्याटको प्रयोग बढ्दै गएकाले गुन्द्री बुन्न छाडिएको उहाँले बताउनुभयो । ग्रामीण भेगमा अझै पनि छिटपुट रूपमा गुन्द्री बुन्ने गरे पनि विस्तारै बजारको प्रभाव ग्रामीण क्षेत्रमा पर्दै गएकाले गुन्द्री बुन्ने परामपरा हराउँदै गएको वालिङ-८ की रन्नता बगालेले बताउनुभयो।

गुन्द्री बुन्न झन्झटिलो भएकाले पनि नयाँ पुस्ता आकर्षित नभएको हुनसक्ने उहाँ बताउनुहुन्छ । नयाँ पुस्ताको आकर्षण नहुनु एकातिर छभने अर्कातिर पुरानो पुस्ताले जानेको सीप नयाँ पुस्तामा हस्तान्तरण नगर्दा गुन्द्री बुन्ने संस्कृति लोप भएर जानसक्छ। परालको लम्बाइअनुसार गुन्द्रीको चौडाइ निर्धारण गरी गुन्द्री बुन्ने गरिन्छ।

छोटो परालबाट थर्कटी तथा चकटी बुन्न सकिन्छ। स्थानीय स्रोत र साधनको प्रयोग गरी गुन्द्री बुन्ने गरिन्छ । विशेषगरी धानको पराल, जुटको धागो, बाबियोको खर प्रयोग गरी गुन्द्री बुन्न सकिन्छ। हाते तान बनाएर जुट वा बाबियोको खरको डोरीमा बुनिएको परालालाई काठको हतासोले ठोकेर गुन्द्री बनाउने गरेको पाइन्छ।

# लमजुङमा चारसय मेट्रिकटन सुन्तला उत्पादन

**पोखरापत्र संवाददाता**
लमजुङ, २३ पुस



चालु आर्थिक वर्षमा जिल्लामा चार सय मेट्रिकटन सुन्तला उत्पादन भएको छ । एक सय ३० हेक्टर क्षेत्रफलमा लगाइएको सुन्तलाखेतीबाट चार सय मेट्रिकटन उत्पादन भएको जिल्लास्थित कृषि ज्ञान केन्द्र कार्यालयले जनाएको छ।

विगतमा प्रशस्त सुन्तला उत्पादन हुने गरेकामा किसानको बेवास्ता, बोटमा रोग र किरा लाग्नेलगायत समस्याले उत्पादनमा वृद्धि हुन नसकेको कार्यालयका कृषि प्रसार अधिकृत सरोज थापाले बताउनुभयो । केही वर्षदेखि बर्सेनि सुन्तला उत्पादनमा घट्दै गए पनि गत वर्ष र यस वर्ष तुलनात्मक रूपमा बराबर उत्पादन भएको उहाँले उल्लेख गर्नुभयो । गाउँसहर, स्याउत, चिती, भोर्लेटार, सिम्पानी, कुन्छा, गहते, दुराडाँडा, राइनास, भोजे, उदीपुर धिमिरेलगायत ठाउँमा बर्सेनी सुन्तला उत्पादनमा कमी हुँदै आएको थापाले जानकारी दिनुभयो। कार्यालयका अनुसार गत आवमा पनि एक सय ३० हेक्टर क्षेत्रफलमा लगाइएको सुन्तलाखेतीबाट चार सय मेट्रिकटन उत्पादन भएको थियो । आव २०७९/८० मा एक सय २५ हेक्टर क्षेत्रफलमा लगाइएको खेतीबाट पाँच सय २५ मेट्रिकटन सुन्तला उत्पादन भएको थियो । आव २०७८/२०७९ मा एक सय ८० हेक्टर क्षेत्रफलबाट एक हजार दुई सय ४० मेट्रिकटन, आव २०७७/२०७८ मा दुई सय १३ क्षेत्रफलबाट एक हजार चार सय २४ मेट्रिकटन सुन्तला उत्पादन भएको कृषि प्रसार अधिकृत थापाले जानकारी दिनुभयो।

कार्यालयका अनुसार सुन्तलाका लागि लमजुङ उपयुक्त क्षेत्र भए पनि पछिल्लो समयमा विभिन्न रोग तथा किराको सङ्क्रमण, किसानमा प्राविधिक ज्ञानको कमी र बेवास्तालगायत कारणले उत्पादनमा कमी आएको केन्द्रले जनाएको छ।

सुन्तलाको बोट र फलमा कत्ले, पतेरोलगायत किराको सङ्क्रमण भई एक बोटबाट अर्को बोटमा सार्ने, सिट्रेस डिक्लाइन (उत्पादनमा ह्रास आउने रोग), ग्रिनिङ भाइरसलगायत सङ्क्रमण बढ्नेको कृषि प्रसार अधिकृत सरोज थापाले जानकारी दिनुभयो । साथै गोडमेल र स्याहार नहुनु, सिँचाइको अभाव, बिरुवा छनोटजस्ता प्राविधिक विषयमा किसानसँग ज्ञान नहुँदा सुन्तला बगैँचा मासिँदै गएको उहाँको भनाइ छ। जिल्लामा उत्पादन भएका सुन्तला काठमाडौँ, पोखरा, चितवनलगायत सहरमा खपत हुने गर्दछ। विगतमा लमजुङमा एक हजार दुई सय हेक्टर क्षेत्रफलमा सुन्तलाखेती गर्ने गरिएकामा केही वर्षयता एक सय ३० हेक्टर क्षेत्रफलमा मात्र खेती हुँदै आएको कृषि ज्ञान केन्द्रले जनाएको छ। जिल्लामा उत्पादन कम हुँदा बाहिरी जिल्लाका सुन्तलाले स्थानीय बजार लिएका व्यापारी बताउँछन्।

# मान्छे बेगरका घरहरु

**मधु शाही**
लमजुङ, २३ पुस/रासस

छेवैको घर जीर्ण छ । आँगन घाँसेमैदान जस्तै बनेको छ। भत्किन लागेको ढोकामा ताल्चा झुण्डिएको छ। "मान्छे बेगरको घर यस्तै त हुन्छ नि ! बेवारिसे झैँ", छिमेकीविहीन घर देखेर लमजुङको राइनास नगरपालिका-१० बोराङकी ८७ वर्षिया रमादेवी न्यौपानेलाई उद्देक लाग्छ।

उहाँको घर दायाँबायाँ, जहाँत्यहीँ फर्किँदा उस्तै जीर्ण र छिमेकी बेगर घर छन् । रमादेवी अहिले लगभग छिमेकीविहीन जस्तै हुनुहुन्छ। उहाँको घर वरिपरिका झण्डै १५ घरमा ताल्चा झुण्डिएको छ। घरधनी सहरतिर छन्। गाउँमा मान्छे पलायन हुँदै गएको देख्दा अचेल बोराङ टोलभरिकै उमेरले पाकी रमादेवीको मन अत्तालिन्छ।

उहाँलाई गाउँ रित्तिँदै गएकामा चिन्ता लाग्छ। किनभने त्यो गाउँसँग उहाँको बाल्यकालदेखि बुढौलीसम्मकै प्रगाढ सम्झना छ । "बालखैमा बिहे गरेर आएको गाउँ हो। यहाँ पहिला कति रमाइलो हुन्थ्यो। अहिले कस्तो भयो," उहाँ भन्नुहुन्छ, "हराउँदै गयो गाउँको रौनक ।" बिहे भएर आएदेखिको उहाँको मानसपटलमा पुरानो गाउँ अझै फनफनी घुम्छ, अतित बनेर । "कच्ची बाटो पारि र वारि दुवैतिर घनाबस्ती थियो", उहाँ गाउँको विगत स्मरण गर्दै भन्नुहुन्छ, "अहिले घरहरु छन्, बस्ने कोही छैनन्। सबै शहरतिर लागे। सुख र सुविधाले त्यति तान्यो।" छोराबुहारीको साथमा घरमै बस्न पाए पनि रमादेवीलाई सुनसान गाउँको अवस्थाले मन पोल्छ। अझ बढी त करेसा बारीमा फलफुल फल्दा टिपेर खाइदिने चकचके केटाकेटी नहुँदा उहाँलाई खल्लो लाग्छ। कुनै समय थियो। "गाउँभरका चकचके केटाकेटीले बोटमा बतिला नलाग्दै फुलफूल टिपेर बिठ्याइँ गरिदिन्थे", उहाँको स्मृति बग्दै गयो,"उतिबेला लट्ठी लिएरै भुराभुरी लखेट्दै दौडिनुपर्थ्यो । अहिले चरा र बाँदरले खाएर रित्याउँछन्। मान्छे भेटिदैनन् ।" लमजुङको राइनास नगरपालिका-१० बोराङलाई न्यौपाने टोल पनि भनेर चिनिन्छ । किनभने त्यहाँ तीन घर अधिकारीबाहेक प्रायः सबै न्यौपाने थरका छन्। अधिकांश शिक्षक पेशामा आबद्ध टोल भएकाले यस गाउँको अर्को नाम मास्टरटोल पनि हो। "यहाँका अधिकांश बुबाहरु शिक्षक पेशामै आबद्ध हुनुभयो भने छोराछोरी केहिले यही शिक्षण पेशा अपनाएका छन्", रमादेवीका छोरा राममणि न्यौपानेले बताउनुभयो। उहाँ गाउँकै महेन्द्र प्राथमिक विद्यालयको प्रधानाध्यापक हुनुहुन्छ । उहाँका अनुसार टोलमा ५५ घरधुरी छन् । यसमध्ये मुस्किलले २६/२७ घरमा मात्रै घरमुली बसोबास गर्छन् । अरु अधिकांश शहरतिरै त कोही विदेश पलायन छन्। शिक्षकहरु जन्माएको थलोप्रति राममणिलाई जति गर्व अनुभूति छ, त्यससँगै हाल आफ्नै विद्यालयमा विद्यार्थीको संख्या दिनानुदिन घट्दै गएकामा पीडा उत्तिकै छ । पाँच जनाको शिक्षक दरबन्दी घटेर अहिले दुई जनामा सिमित हुनुपरेको छ। कक्षा शिशुदेखि कक्षा ५ सम्म जम्मा १७ जना विद्यार्थी पढ्न आउँछन्। त्यसमा पनि बोराङटोलको एक जना मात्रै विद्यार्थी पढ्छन्। "गाँउमा अभिभावक नै नभए पनि पढ्न आउने केटाकेटी कहाँ पाउनु ?", उहाँ भन्नुहुन्छ। अझ भनौँ कहिलेकाहीँ विद्यार्थी विद्यालय नआइदिएर कक्षा रित्तै हुने गर्छ । राममणिका अनुसार गाउँमा स्वास्थ्य सेवा, खानेपानी, यातायातलगायतका भौतिक पूर्वाधार सुविधाको अभावले गर्दा घरहरु रित्तिदै गएको हो। यसले टोलको विकाससहित विद्यालयको पठनपाठनमा समेत असर गरेको छ। राइनास नगरपालिका-१० मा प्यारजुङ, लामा गाउँ, सिमघारी, पात्लेपानी, कत्रेनी, बोराङलगायत टोल छन् । टोलैपिच्छे मौरीपालन, तरकारी खेती जस्ता उत्पादन र उद्यमशील काम भएका छन् । यद्यपि पालिकाले योजनाबद्ध ढङ्गमा आधुनिक खेती बसाउने र रोजगारोन्मुख कार्ययोजनामा खासै चासो नल्याएको हुँदा स्थानीय शहर मुखी हुन थालेको बताउँछन्। बस्तीमा मान्छे बस्न छाडेपछि प्रेम न्यौपानेको मनोबल कमजोर हुँदै गएको अनुभव सुनाउनुहुन्छ । "छरछिमेकी हुँदा गाह्रोसारो परेको बेला सहयोगी हात हुन्थे," उहाँ भन्नुहुन्छ,"अहिले विरामी भइयो भने छिमेकी गुहार्न पनि ठाउँ छैन।" गाउँका युवा पुस्ताहरु रोजगारी र शिक्षा आर्जन गर्नका लागि शहर पसेका छन् । चाडपर्वमा घर सम्झेर एकाद परिवार आउँछन नभए वर्षौंदेखि घरले स्याहार नपाएको स्थानीयले बताए। प्रेमका छिमेकी हुन्, विजयराज, दामोदर, अर्जुन । उहाँहरु तीनैजनाको घरमा ताल्चा छ। रोजगार र छोराछोरी पढाउन काठमाडौँ पसेका छिमेकी उतै बसेको प्रेम बताउनुहुन्छ। मेरो वरिपरित सबै घरमा ताला लागेको छ। "छिमेकी नहुँदा निकै नियास्रोको महसुस हुन्छ", उहाँ भन्नुहुन्छ, "गाउँका टाढाबाढा मान्छेहरु नै सहर पसेपछि गाउँको विकास हुने कुरै भएन।" गाउँको छेउँमै चौतारा छ । चौतारा अचेल पहिले जस्तो भरिभराउ हुँदैन। ७२ वर्षे स्थानीय विष्णुहरि न्यौपानेले अब बूढाबूढीपछि पुर्ख्यौली घर कसले धान्ला भन्ने चिन्ताले सताउन थालेको बताउनुहुन्छ। उहाँको ठूलो छोरो चितवन रोजगारका सिलसिलामा उतै हुनुहुन्छ। माइलो र कान्छो काठमाडौँमा छन् । सुविधा न भएको गाउँमा नबस्नु सहरतिरै आउनु भनेर छोराहरु जोड गरे पनि जन्मेलको थलो छोड्न मन नलाग्ने गरेको उहाँले सुनाउनुभयो । "हामी चिसो छल्न गाउँ आएका । होइन भने प्रायः काठमाडौँतिर बस्छौँ", उहाँले भन्नुभयो, "किन बस्ने गाउँमा भो अब दुख गर्नु पर्दैन भन्छन् छोराहरु।" बिरामी परेको बेला सिटामोल समेत पाउन मुस्कील हुने गाँउको दुःख सम्झीदाविष्णुहरीले गाँउको माया गर्ने आदर्श भाव ओझेल पर्दै गएको बताउनुहुन्छ। उहाँले भने जस्तै गाउँमा बस्न सजिलो भने पक्कै छैन। जति हेर्दा क्षणभर रमाइलो लाग्छ, त्यहाँ सुविधायुक्त जीवन बिताउन चुनौतीपूर्ण छ । ६८ वर्षे डिल्लीराम न्यौपानेले गाउँका अनेक दुःखलाई बेलीविस्तार लागनुभयो । उहाँको पुर्खौली जिउने आधार खेती किसानी हो । सकि नसकी लगाएको बाली बाँदर, मृग, दुम्सीले जस्ता जनावरले एकैछिन सखाप पारिदिन्छन्। "अन्न लगायो बाँदरलाई बाख्रा पाल्यो बाघलाई", उहाँ किसानले भोग्नु परेको पीडा सुनाउहुन्छ, "के खाएर बस्ने हो यो गाउँमा ? अनि शहर नपसे के गर्ने ?" लालीगुँरास आमा समूहकी अध्यक्ष राजुकुमारी न्यौपानेका अनुसार गाउँमा स्थानीय टिकाउनका लागि स्थानीय सरकारले खासै कुनै पनि योजना नल्याएको गुनासो गर्नुहुन्छ। रोजगारको अभाव, उद्यमशीलताका आधारहरु नहुँदा युवा पलयान भएका छन्। यति मात्रै होइन, बुढापाका पनि छोराछोरीसँगै शहर पस्न थाले । यसले गर्दा गाउँ सुसनान हुँदै गएको उहाँले सुनाउनुभयो।

उहाँका अनुसार मान्छे नै नरहे स्थानीय क्षेत्रको विकासको आधार हराउँछ। गाउँमा मान्छे टिकाउन ग्रामीण योजना ल्याउन अति आवश्यक रहेको उहाँको बुझाइ छ। सामुदायिक सिकाइ केन्द्रमा आबद्ध रहेकी स्थानीय विमला अधिकारी न्यौपानेले कृषिमा आधुनिकीरण गर्ने र स्वास्थ्य, खानेपानी बाटोघाटोको सुविधा विस्तार गर्न सके न्यौपाने गाउँ स्वर्गजस्तै रहेको बताउनुहुन्छ। धुलोधुवाँदेखि पर रहेको गाउँ प्राकृतिक हिसाबले जति सुन्दर छ, उति नै पर्यटकीय दृष्टिले आकर्षित छ। परम्परागत रुपमा धान, गहुँ, मकैखेती गर्दै आएका यहाँका किसानहरुका अहिले अधिकांश जग्गा बाँझै छन् । "खेती गर्ने बुढापाका छन्, सक्ने गर्छन् नसक्नेको बाँझै रहन्छ", विमला भन्नुहुन्छ, "कृषिमा आधुनिकीरण गर्न सके पनि आयआर्जनमा धेरै राहत हुन्थ्यो।"

## एउटै व्यक्ति भएको सूचना



स्याङ्जा जिल्ला फेदिखोला गाउँपालिका वडा नं १ निवासी भारतीय भू.पू. सैनिक नं १३८३१४१४ का ह.ना.सु गुरु प्रसाद क्षेत्रीकी श्रीमती पवित्रा देवीको नेपाली नागरिकताको प्रमाणपत्रमा नामथर पवित्रा पराजुली, जन्ममिति वि.सं २००५/२/२८ उल्लेख भएको र निजको पतिको सैनिक अभिलेखमा निजको नामथर पवित्रा देवी जन्म मिति सन् ०३ अगस्त १९९२ मा ४४ वर्ष भई फरक फरक नाम थर र जन्म मिति भए तापनि व्यक्ति एउटै भएको व्यहोरा सम्बन्धित निकायमा सिफारिस गरिदिनुहुन भनि उक्त गा.पा. १ नं वडा कार्यालयको च.नं १९० मिति २०७४/०८/०५ को पत्रबाट लेखी आएकाले सोही व्यहोरा जानकारी गराइन्छ।